आज मिति २०७७/०२/०३ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ६ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ७ | महेन्द्र नाथ भट्टराई | जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ८ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

आमन्त्रित:

प्र.ना.उ माधव प्रसाद काफ्ले

स.प्र.नि. निरक शाही

मन्त्री कमलचरण कक्षपती

निर्णयहरु :

१. यस जिल्लाको बाह्रबिसे नगरपालिका वडा नं. ९ की २९ वर्षीया महिलाको मिति २०७७/०२/०१ गते धुलिखेल अस्पतालमा मृत्यु भएको । निजको मृत्युका सम्बन्धमा कोभिड-१९ संग मिल्दोजुल्दो लक्षण देखिएको हुँदा स्वाब परीक्षण भइरहेको भनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सार्वजनिक जानकारीमा आएको हुँदा संभावित संक्रमण फैलन नदिन स्वास्थ्य परिक्षण गरी नतिजा प्राप्त नभएसम्म देहायबमोजिम गर्ने/गराउने ।

क) बाह्रबिसे नगरपालिका वडा नं. ९, राम्चे तथा बलेफि गाउँपालिकाको वडा नं. ६ र ८ (माइती गाउँ) लाई सिल गरी उक्त वडाहरुबाट कोही कसैलाई बाहिर आउन र वडा भित्र जान नदिने । साथै उक्त क्षेत्र भित्रका बासिन्दाहरुलाई घरबाहिर निक्लन नदिने । त्यसरी सिल गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको अतिरिक्त नेपाली सेनालाई समेत परिचालन हुन अनुरोध गर्ने ।

ख) उक्त महिलाको सम्पर्कमा रहेका व्यक्तीहरुलाई Contact Tracing गरी PCR परीक्षणको लागि क्वारेन्टाइनमा राखी स्वाव संकलन गरी परिक्षणको लागी पठाउने ।

ग) मृतक महिला बाहबिसे स्वास्थ्य केन्द्रमा समेत चेकजाँच गर्न आएको बुझिएकाले बाहबिसे प्राथमिक स्वास्थ्य केन्द्रलाई सिल गर्ने ।

घ) Contact Tracing गर्दा उक्त महिलासँग सम्पर्कमा आएका व्यक्तिहरुलाई सिल भएका क्षेत्रकालाई होम क्वारेण्टाइन र अन्यलाई नजिकको क्वारेन्टाइनमा राखे ।

ङ) उपरोक्त कार्यको समन्वय र सहजीकरण गर्न स्थानीय तह र स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने, समन्वय तथा सहजीकरण गर्न अनुरोध गर्ने ।

२. उक्त कार्यमा Contact Tracing गर्न देहायबमोजिमको टोली गठन गरी परिचालन गर्ने र Contact Tracing गरिसकेपछि PCR परीक्षण समेत गर्ने तथा उक्त टोलीलाई चौतारा साँगाचोकगढी न.पा को व्यवस्थापनमा फिल्ड ट्रेनिङ सेन्टरमा क्वारेण्टाइनमा राख्ने र खानाको व्यवस्थापन जिल्ला समन्वय समितिले मिलाउने ।

| | |
|---|---|
| क) डा. निश्चल बोगटी चौतारा अस्पताल - | संयोजक |
| ख) सशस्त्र प्रहरी निरिक्षक निरक शाही - | सदस्य |
| ग) प्र.ना.नि. रघुनाथ दाहाल - | सदस्य |
| घ) ल्याव टेक्निशियन रामेश्वर दाश चौतारा अस्पताल - | सदस्य |
| ङ) प्रतिनिधी नेपाली सेना, गोरख बक्स गण- | सदस्य |

३. यस जिल्लामा संचालनमा रहेका एम्बुलेन्स चालकहरुको RDT Test सम्बन्धित पालिकाका स्वास्थ्य संस्थाहरुबाट गर्ने व्यवस्था सम्बन्धित पालिकाहरुले मिलाउने ।

४. मृतक महिला केहिदिन अघि शिक्षण अस्पताल महाराजगंज काठमाडौंबाट उपचार गराई आएको बुझिएको हुँदा वैशाख महिना यता उक्त अस्पतालबाट उपचार गराई फर्किएका व्यक्तिहरु स्थानीय तहले खोजि गरी क्वारेन्टाइनमा राखी RDT गर्ने ।

५. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३८१८ मिति २०७७।०२।०२ को पत्र बैठकमा पढिबाची सुनियो । सो सम्बन्धमा पत्रमा उल्लेख भए बमोजिम गर्ने गराउने निर्णय गरियो ।

६. जिल्ला प्रशासन कार्यालय बाँकि नेपालगञ्जको च.नं. ५७५७ मिति २०७७।०२।०१ को पत्रबाट भारतको बहराईच जिल्ला स्थित विभिन्न क्वारेन्टाइनहरुमा रहि नेपाल प्रवेश गरेका यस जिल्लाका २ (दुई) व्यक्तिहरुलाई RDT परिक्षण गरी नेगेटिभ रिपोर्ट आएको र नियमानुसार यस जिल्लामा क्वारेन्टाइनमा राख्ने गरी पठाएको हुदाँ सोहि बमोजिम गर्ने/गराउने निर्णय गरियो ।